म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २६४ आइतबार २३ बैशाख २०८१ ने. सं. ११४४ चौलागा 5 May 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## नमुना प्रगति सहकारीको शिक्षा शिविर

हेटौंडा, २२ वैशाख/हेटौंडा उपमहानगरपालिका वडा नम्बर-२ मा अवस्थित नमुना प्रगति बचत तथा ॠण सहकारी संस्थाले एक दिने सहकारी शिक्षा शिविर सञ्चालन गरेको छ । संस्थाका सञ्चालक सदस्य एंव शिक्षा उपसमितिका संयोजक अर्पण पराजुलीको अध्यक्षता तथा संस्थाका अध्यक्ष मिठाराम दाहालको प्रमुख आतिथ्यतामा शिविर सञ्चालन गरिएको थियो । सहकारीको वार्षिक कार्यक्रम अन्तरगत सदस्यहरुलाई बचत तथा ॠणका नीति, समग्र सहकारीको नीति नियम र सहकारीको महत्व यसको प्रभावबारे जानकारी दिइएको थियो । शिविरलाई शिक्षा समितिका संयोजक पराजुलीले सहजीकरण गरेका थिए भने संस्थाका व्यवस्थापक बद्रीप्रसाद भण्डारीले संस्थाको संस्थागत विवरणबारे जानकारी गराएका थिए । संचालक समिति, लेखा समिति, शिक्षा उपसमितिका सदस्य सहिति शिविरमा ४१ जनाको सहभागिता रहेको थियो ।

# भीम विराग प्रतिष्ठानद्वारा ९ जना स्रष्टा सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा, २२ वैशाख/ भीम विराग सङ्गीत साहित्य कला प्रतिष्ठान नेपाल मकवानपुरबाट एकैपटक ९ जना स्रष्ट्रा सम्मानित भएका छन् ।

प्रतिष्ठानले कला साधक भीम भीम विराग सक्रिय रहेका क्षेत्रहरु साहित्य, सङ्गीत, कला र पत्रकारिता चारवटा क्षेत्रमा हेटौंडा उपमहानगरपालिकाको सहयोगमा ४ वटा पुरस्कार तथा सम्मान प्रदान गरेको हो । जनही २५ हजार रुपैयाँ राशीको भीम विराग राष्ट्रिय साहित्य पुरस्कार-२०८० कुन्ता शर्मा (सुनसरी), भीम विराग राष्ट्रिय सङ्गीत पुरस्कार-२०८० लाल श्रेष्ठ (मकवानपुर), भीम विराग राष्ट्रिय कला पुरस्कार-२०८० बीएस राना (मकवानपुर) र भीम विराग राष्ट्रिय पत्रकारिता पुरस्कार-२०८० जयदेव भट्टराई (ललितपुर) लाई प्रदान गरिएको छ ।



प्रतिष्ठानले विगत वर्षहरुदेखि नै भाषा, कला, सङ्गीत तथा विभिन्न सामाजिक क्षेत्रमा क्रियाशील व्यक्तित्वहरुलाई निरन्तर समर्पण गर्दै आइरहेको महासचिव छवि अनित्यले जानकारी दिए । अन्य पुरस्कार ५ पुरस्कार समेत शनिबार नै प्रदान गरिएको छ । प्रतिष्ठानले तुलसीमाया शिवकुमारी सृजनशील नारी पुरस्कार-२०८० मञ्जु खराल, (मकवानपुर) लाई प्रदान गरेको छ । मुक्तिगोविन्द वैद्यले स्थापना गरेको उक्त पुरस्कारको राशी १५ हजार रुपैया रहेको छ ।

यस्तै शिला नारी पुरस्कार-२०८० निरु मगर (मकवानपुर) लाई प्रदान गरिएको छ । पुरस्कारको राशी १५ हजार रहेको उक्त पुरस्कारका संस्थापक आशीष श्रेष्ठ हुन् । रामकृष्ण बानियाँ स्मृति लोक सङ्गी पुरस्कार-२०८० गितकार पम्फा थापा मगर (मकवानपुर) लाई प्रदान गरिएको छ । संस्थापक चुन बानियाँ रहेको उक्त पुरस्कार राशी २० हजार रहेको छ ।

यसैगरी, १० हजार राशीको मंगलादेवी स्मृति स्वास्थ्य सेवा पुरस्कार, २०८० सिमा मिश्र (मकवानपुर) लाई प्रदान गरिएको छ । उक्त पुरस्कारको संस्थापक देवप्रसाद श्रेष्ठ र दीपकप्रसाद श्रेष्ठ हुन् । यस्तै १० हजार राशीको अजित सेन गुप्ता भिन्न क्षमता पुरस्कार, २०८० अन्जु धिताल (बारा) लाई प्रादन गरिएको छ । दृष्टिविहीन धिताले अध्यापन क्षेत्रमा सक्रिय छिन् । उक्त पुरस्कारका संस्थापक रोशन सेन गुप्ता हुन् ।

वरिष्ठ कलासाधक भीम विरागको सम्मानमा २०५९ साल भाद्र ७ गते स्थापना भएको भीम विराग सङ्गीत साहित्य कला प्रतिष्ठान नेपाल नेपाली सङ्गीत, साहित्य र कला क्षेत्रमा क्रियाशील संस्था हो । देश तथा विदेशमा रही नेपाली वाङ्मयको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएका सर्जक, स्रष्टाहरुलाई सम्मानित एवम् पुरस्कृत गर्दै आएको महासचिव अनित्य बताउँछन् ।

संस्थाले मकवानपुरबाट वार्षिक रुपमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कार तथा सम्मान समर्पण गर्दै आइरहेको उनले जानकारी दिए । अन्य दुई पुरस्कारहरु भीम-मथुरा बाल प्रतिभा पुरस्कार २०८० र चिनुकुमारी लामा स्मृति साहित्य पुरस्कार, २०८० भने प्राविधिक कारणबस प्रदान हुन नसकेको प्रतिष्ठान अध्यक्ष केशवलाल श्रेष्ठले जानकारी दिएका छन् ।

**को हुन् भीम विराग ?**

भीम विराग नेपाली सङ्गीत क्षेत्रमा सदावहार गीतबाट छाएका सर्जक थिए । उनको ७७ वर्षको उमेरमा फागुन २०६८ मा निधन भएको थियो ।

गीतकार तथा सङ्गीतकार विराग जीवनका भोगाइ र अनुभूतिहरुलाई गीतमा उतार्न सक्ने सर्जक थिए । उनले कहिल्यै अरुका पीडालाई गीत बनाएनन् । विरागले जीवनमा मनग्ये दु:ख र तिरस्कार भोगे ।१२ वर्षको उमेरमा कुप्रोपनको सिकार बनेका उनले प्रेममा पटक-पटक तिरस्कृत हुनुपऱ्यो । २२/२४ को उमेरमा दुई हात घुँडामा राखेर हिँड्नु पर्दा उनी बढीमा दया र सहानुभूतिका पात्र मात्र बने ।

त्यस कालको अनुभूतिहरूबाट सिर्जित उनका केही गीत नारायणगोपाललाई नेपाली गायनको उच्चतम बिन्दुमा पुऱ्याउने सिर्जनाका रुपमा परिचित थिए । तिमीले पनि म जस्तै..., कसरी म भुले..., आज-भोलि हरेक साँझ... जस्ता क्यौं कालजयी गीतमा विरागको मिहेनत थियो । वीरगञ्जमा जन्मेहुर्केका विरागको जीवन हेटौंडामा बितेको थियो । आफ्नै प्रयासबाट साहित्य र सङ्गीत सिकेका उनले २०१८ सालमा रेडियो नेपालमा सम्झनाको बाली दियो... गाएका थिए ।

उनले खण्डकाव्य र महाकाव्य समेत प्रकाशित गरेका छन् । निमोनिया र मेनिन्जाइटिसबाट बिरामी थिए, विराग । १५ माघ १९९१ मा बीरगञ्जको माइस्थानमा जन्मिएका विरागका बाबुआमाले राखिदिएको नाम भीमबहादुर महर्जन हो । १२ वर्षको उमेरमा फुटबल खेल्न जाँदा लडेर घाइते भएपछि उनको ढाड जीवनभर सोझिन सकेन । २०२६ सालदेखि हेटौंडा बसेर साहित्य, सङ्गीत, कला र पत्रकारितामा क्रियाशील विरागका नाममा हेटौंडामा भीम विराग साहित्य सङ्गीत कला प्रतिष्ठान स्थापना भएर क्रियाशील रहेको हो ।

स्वरसम्राट नारायण गोपाल, मधु क्षत्री, रामकृष्ण ढकाल लगायतले गाएका थुप्रै कालजयी गीत भीम विरागका शब्द र सङ्गीतमा थिए । आजभोलि हरेक साँझ मात्तिन थालेछ, तिमीले पनि म जस्तै माया दिएर हेरलगायत गीतका स्रष्टा विराग हुन् । विरागको साहित्ययात्रा वि.सं.२०१५ मा 'उदय' पत्रिकामा प्रकाशित कविताबाट भएको हो । २०२३ सालमा नारायणी अञ्चलस्तरीय कविता प्रतियोगितामा प्रथम भएपछि चर्चामा आएका विराग नारायणी साप्ताहिक र बिगुल साप्ताहिकको सम्पादक भएर पत्रकारिता पनि गर्थे ।

# बनकरिया बस्तीमा पुस्तकालय



साझाकुरा संवाददाता

हेटौंडा, २२ वैशाख/ मकवानपुरको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिका-४ मुसेधापमा रहेको बनकरिया बस्तीमा शनिबार पुस्तकालय उद्घाटन तथा शैक्षिक सामग्री र विद्यालय पोशाक वितरण गरिएको छ ।

अन्तराष्ट्रिय सहयोगी संस्था माद्रेको आर्थिक सहयोगमा राष्ट्रिय आदिवासी जनजाती महिला मञ्चले पुस्तकालय उदघाटन तथा शैक्षिक सामग्री र विद्यालय पोशाक वितरण गरेको हो । कार्यक्रममा बनकरियाका २३, चेपाङका १४, तामाङका ४ गरी ४१ बालबालिकालाई स्टेशनरी र विद्यालय पोशाक बितरण गरिएको छ ।

संस्थाले बालबालिकालाई ब्याग, जुत्ता, कपी, पेन्सील, डटपेन, क्याल्कुलेटर, ज्यामिती बक्स प्रदान गरिएको थियो भने पुस्तकालयका लागि किताब ऱ्याक, चकटी ३० वटा, टेबल ४ वटा, कार्पेट र सूचना पाटीका लागि सेतो बोर्ड प्रदान गरेको थियो । पुस्तकालयका लागि रुम टु रिड नामक संस्थाले बाल कथा, बालपत्रिका, सामान्य ज्ञान, कखग लगायतका ३०० किताब प्रदान गरेको थियो । कार्यक्रम मनहरी गाउँपालिका ४ नम्बर वडा अध्यक्ष प्रकाश थापाको प्रमुख आतिथ्य तथा राष्ट्रिय आदिवासी जनजाती महिला मञ्चकी अध्यक्ष सुनी लामाको अध्यक्षतामा भएको थियो ।

कार्यक्रममा मनहरी गाउँपालिका शिक्षा शाखाका विदुर थापा, राष्ट्रिय आदिवासी जनजाती महिला मञ्चकी कोषाध्यक्ष सुशिला गोले, नेपाल आदिवासी जनजाति महासंघ (फोनिज) मकवानपुरका अध्यक्ष अशोकसुजन श्रेष्ठलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा मनहरी गाउँपालिका कार्यपालिका सदस्य मिरा खत्री, राष्ट्रिय आदिवासी जनजाती महिला मञ्चकी संस्थापक अध्यक्ष रश्मी थापा मगर, उपाध्यक्ष यशोकान्ती भट्टचन, विसम्बरा तामाङ महिला कृषक समूह शंखरापुर काठमाडौंकी अध्यक्ष जुनिता स्याङ्तान, कार्यक्रम संयोजक सरस्वती शेर्पा लगायतको आतिथ्य रहेको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

## बसपार्कमा एक युवकमाथि खुकुरी प्रहार

साझाकुरा संवाददाता

हेटौंडा, २२ वैशाख/ हेटौंडा उमहानगरपालिका वडा नम्बर-१०, स्थित बसपार्कमा शनिवार बिहान एक युवकमाथि खुकुरी प्रहार भएको छ ।

हेटौंडा उपमहानगर पालिका वडा नम्बर-३ बसामाडी घर भई हाल हेटौंडा-११ थानाभऱ्याङ डेरा गरी बस्ने बर्ष २० को समिर थिङ र १८ बर्षीय पञ्च बहादुर तामाङले खुकुरी प्रहार गरेको प्रहरीले जनाएको छ । खुकुरी प्रहारबाट जितपुर सिमरा उपमहानगरपालिका वडा नम्बर-१६ महेन्द्रनगर घर भएका बर्ष १९ को आयुष कुँवर गम्भीर घाइते भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

प्रहरीका अनुसार खुकुरी प्रहारबाट कुँवरको टाउको, गर्दन र दाहिने हातको कान्छि औलामा चोट लागेको छ । उनको उपचारको लागि हेटौंडा अस्पतालमा पठाईएको थियो । त्यहाँ उपचार सम्भव नभएपछि शनिवार बिहान चुरेहिल अस्पतालमा रिफर गरिएको प्रहरीले जनाएको छ । घाइतेको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ । घटनामा संलग्न दुबै जनालाई हतियारसहित नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालय मकवानपुरले कारबाही प्रक्रिया अगाडि बढाएको छ ।

## लागूऔषधसहित दुई महिला पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २२ वैशाख/ प्रहरीले पर्साको बीरगञ्ज महानगर पालिका-२१ हनुमान चोकबाट अवैध लागूऔषध गाँजा करिब १० किलोसहित दुई जना महिलालाई शनिबार बिहान पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा मकवानपुरको राक्सिराङ गाउँपालिका-२, ठुमको टोल बस्ने ४२ वर्षीया ईन्द्रकुमारी चेपाङ र ३६ वर्षीया फुलमाया स्याङ्बो रहेका छन् । उनीहरुलाई प्रहरी चौकी परवानीपुरबाट खटिएको प्रहरीले पक्राउ गरेको हो ।

प्रहरीका अनुसार नारायणगढ चितवनबाट बीर गञ्जतर्फ आउँदै गरेको बा.४ ख ५९३७ नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार उनीहरुलाई उक्त गाँजासहित पक्राउ गरिएको हो । पक्राउ परेका उनीहरुमाथि प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।




ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरुः
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

सम्पर्क कार्यालयः
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा
प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

हाम्रो कुरा

# जङ्कफुडको प्रयोगमा न्यूनीकरण गरौं

जसले क्षणिक स्वाद र सन्तुष्टि प्रदान गर्दछन् । आकर्षणका लागि विभिन्न किसिमका रङ, रसायन, टेष्टमेकर राखी बनाइएका खाद्य, पेयपदार्थहरुले स्नायु प्रणालीमा असर गर्ने हुँदा मानिसमा त्यस्ता खाद्यपदार्थलाई मानसिकरुपमा नै स्वीकार गर्ने अवस्थामा पुग्दछन् । पछिल्लो समय नेपालीहरुमा जङ्कफुडको जोखिम बढ्दो छ । एकपटक प्रयोग गरेपछि पटकपटक खाइरहन चाहन्छन् । त्यस्ता खाद्य पदार्थमा सस्तो मूल्यमा पाइने कमसल किसिमका बिस्कुट, चाउचाउ, पिज्जा, हट्डग्स, चिसो पेयपदार्थहरु, सस्ता जुसहरु, आइसक्रिम, कुल्फी, सस्ता चकलेट, चुइगम, टफी, माँडा, चटपट, पानीपुरी, तितौरा, पाउँ, दुनट, रेडिमेड चिप्स आदि पर्दछन् ।

शरीरका लागि आवश्यक पर्ने पौष्टिक तत्व भिटामिन, मिनरल, फाइवर आदि नगन्य मात्रामा हुने जङ्कफुड अस्वस्थकर, पच्न कठीन हुने चिल्लो पदार्थ, अधिक मात्रामा नुन र स्वास्थ्यमा हानि पुऱ्याउने किसिमका गुलियो पदार्थ मिश्रण गरी बनाइएको हुन्छ । पटक-पटक खाइरहँदा बानी लाग्ने किसिमका कृत्रिम स्वाद, मन्द नशायुक्त पदार्थ मिसावट गरिएका जङ्कफुडका कारण बालबालिका तथा किशोरकिशोरीमा कुपोषण बढ्दै जानुले भविष्यमा गम्भीर परिणाम निम्त्याउन सक्छ । बालबालिकालाई जङ्कफुडबाट टाढा राख्न अभिभावक तथा विद्यालयहरूले समयमै ध्यान पुऱ्याउनु आवश्यक छ । भान्सामा बनाउन पर्ने झन्झटकै कारण अभिभावकले बालबालिकालाई स्कुल खाजाको रुपमा चाउचाउ र बिष्कुटलाई अनिवार्यजस्तै बनाएका छन् । आकर्षक प्याक र स्वादमा आउने जङ्कफुडप्रति बालबालिका छिट्टै आकर्षित हुने भएपनि ती खाद्यवस्तुको गुणस्तरबारे न अभिभावकले चासो देखाएका छन्, न त सरकारी निकायको आँखा नै परेको छ । जङ्कफुडको बढ्दो प्रयोगले बालबालिकामात्रै होइन, वयस्क र वृद्धवृद्धाको स्वास्थ्यमा समेत गम्भीर खेलवाड भइरहेको छ । बढ्दो जङ्कफुडको प्रयोगले शहरी क्षेत्रका किशोरकिशोरीमा कुपोषणको समस्या बढ्दै गएको छ ।

जे मन लाग्यो त्यही खाने, पौष्टिक तत्व नभएको खाना खाने, जङ्कफुड तथा प्याकिङ गरिएका खानेकुराको अधिक प्रयोगले किशोर किशोरीमा कुपोषणको समस्या देखिएको एक अध्ययनले जनाएको छ । जङ्कफुडको प्रयोग बढ्दै जाँदा गाउँघरमा पाइने नेपाली मौलिक र अर्गानिक खानेकुरा हराउँदै गएका छन् । गाउँघरका खेतबारी बाँझै राखेर आयातित खाद्यान्नमा हामी परनिर्भर हुँदै गएका छौं । गाउँमा ढिँडो र आँटो खानेको संख्या घट्दै जाँदा सुविधासम्पन्न शहरमा स्वाद फेर्नका लागि ढिँडो खोज्दै हिड्नुपर्ने अवस्था सिर्जना भएको छ । बजारमा आएका जङ्कफुडका कारण बालबालिकाले कोदो/फापरको रोटी र भुटेका मकैको स्वाद भुलिसकेका छन् । त्यसैले मानव स्वास्थ्य प्रबर्द्धन गर्न र घरेलु खाद्य पदार्थको प्रयोग बढाउन जङ्कफुड न्यूनीकरण अपरिहार्य भइसकेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ बैशाख २४ गते सोमबार ६ मे २०२४ । त्रयोदशी, बैशाख कृष्णपक्ष । चौलागा ११४४ ने.सं. । सूर्योदय ५:२३, सूर्यास्त ६:४० । समाज सुधार दिवस (किराँत) ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : बादविवाद बढ्ने | **तुला** | : चिन्ता बढ्ने |
| **वृष** | : घरेलु काममा रुचि | **वृश्चिक** | : मान मर्यादामा वृद्धि |
| **मिथुन** | : प्रयासहरु फलदायी हुने | **धनु** | : लेनदेनको विवाद बढ्ने |
| **कर्कट** | : कुरा काट्नेहरु सक्रियता | **मकर** | : स्वास्थ्यमा सुधार हुने |
| **सिंह** | : बौद्धिक कार्यबाट प्रशंसा मिल्ने | **कुम्भ** | : अध्ययनमा प्रगति हुने |
| **कन्या** | : अरुको विश्वास जित्न सकिने | **मीन** | : रोग एवम् चिन्ता बढ्ने |

# सञ्चार संस्था र सञ्चारकर्मीलाई कसरी जोगाउने ?



✍ ज्ञानप्रसाद पौडेल

मुलुकको अर्थतन्त्र शिथिल अवस्थामा छ । अर्थतन्त्र पूर्ण रूपमा चलायमान हुन सकेको छैन । निजी क्षेत्र उत्साहित देखिएको छैन । देशका उद्योग कलकारखाना बन्द छन् कि त बन्द हुने अवस्थामा पुगेका छन् । निर्यात ठप्प छ । आयातमा मात्र निर्भर हुँदा ठुलो हिस्सामा व्यापार घाटा बेहोर्नुपरेको छ । यी विविध कारणले मुलुकमा आर्थिक गतिविधि शिथिल हुँदा त्यसको प्रत्यक्ष असर मिडिया क्षेत्रमा पनि परेको छ । अहिले साना तथा स्वरोजगारमूलक मिडिया र ठुला मिडियालाई टिक्नै धौ-धौ परेको छ । मिडिया सङ्कटमा परेसँगै त्यससँग जोडिएका श्रमजीवी पत्रकार समेत विस्थापित हुनुपर्ने अवस्था सिर्जना भएको छ ।

यस्तो विषम परिस्थितिमा समग्र साना तथा स्वरोजगारमूलक सञ्चारमाध्यम र ठुला सञ्चारगृहलाई बचाउन राज्यले विशेष राहत प्याकेज ल्याउन जरुरी छ । यसो भए मिडिया हाउस सक्षम हुन सक्छन् र श्रमजीवी पत्रकारको पेसा समेत सुरक्षित हुन सक्छ । नेपाली सञ्चार माध्यम र श्रमजीवी पत्रकारहरूको अवस्था कोरोना महामारीबाट धराशायी भएयता उक्सिन सकेको छैन । साना, मझौला तथा स्वरोजगार मिडिया उद्यमीहरूको अवस्था पहिले पनि त्यति राम्रो थिएन, कोभिडपछि झनै खराब हुन पुग्यो ।

कोभिडअघि राम्रो अवस्थाका मानिएका ठुला मिडिया हाउसहरू समेत कोभिडपछि खस्कन पुगे । उनीहरुले श्रमजीवी पत्रकारहरूलाई निकाल्न थाले, त्यो क्रम अझै जारी छ । मिडियाको यस्तो अवस्थामा सहयोग पुऱ्याउनका लागि सरोकारवाला पक्षसँग नेपाल पत्रकार महासैले पटक-पटक ध्यानाकृष्ट गरायो । ठुला लगानीका मिडियाले आफूहरुलाई उद्योगसरी मान्यता दिन भनेका थिए र छन्, तर अर्थतन्त्र नसुÙएका कारण उनीहरु निराश छन् । पत्रकारहरूको हकहित संरक्षण गर्ने सैसंस्थाहरूले पत्रकारहरूलाई पेसामा टिकाउन गाह्रो भइरहेको बताइरहेका छन् ।

अहिले पत्रकारिता पेसा बनेको छ र व्यावसायिक पत्रकारिताको समय आएको छ । प्रजातन्त्र र गणतन्त्र आउनुअघि मिसन पत्रकारिता थियो । अहिले व्यावसायिक पत्रकारिता भनिएको छ । नेपाल पत्रकार महासैका पूर्वअध्यक्ष किशोर नेपालले अहिले मिसन हराएको महसुस गर्छन् । साथै उनले मिसन नभए पत्रकारिताको अर्थ नहुने बताउँछन् ।

वरिष्ठ पत्रकार नेपालका अनुसार उहिले पञ्चायतविरुद्ध लड्नु, प्रजातन्त्रका लागि लड्नु, शान्तिका लागि लड्नु, पत्रकारहरूको मिसन थियो र हुने गर्दथ्यो । त्यतिबेला सेन्सरसिपको अवस्था थियो । महासैका अर्का पूर्वअध्यक्ष विष्णु निष्ठुरी अहिले सेल्फ सेन्सरसिपको अवस्था रहेको बताउँछन् । अहिलेको अवस्थामा पत्रकारहरूको मिसन बन्न नसकेको हो कि जस्तो वरिष्ठहरूको भनाइ रहेको छ ।

अहिले संघीय लोकतान्त्रिक गणतन्त्रको अवस्था छ । पत्रकारहरूलाई अभिव्यक्ति स्वतन्त्रताको पूर्ण ग्यारेन्टी संविधानमा गरिएको छ, तर स्वतन्त्रताको दुरुपयोग भयो । सामाजिक सञ्जाल लगायत मिडियामा पत्रकार आचार संहिताको धज्जी उडाइएको भनी आलोचना भएको पाइन्छ । यसलाई टेकेर सरकारले अभिव्यक्ति स्वतन्त्रतालाई निषेध गर्ने गरी कानुन ल्याउन लागेको भनेर त्यसको विरोध गरिएको छ ।

मौजुदा सरकारमा सामेल सबैजसो राजनीतिक दलले अभिव्यक्ति स्वतन्त्रताको निषेध गर्न नहुने, गर्न नसकिने र नगरिने प्रतिबद्धता व्यक्त गरिरहेका भए पनि बेला-बेला निषेध गर्ने कानुन ल्याउने प्रयास भइरहेको महसुस गरिएको छ । अभिव्यक्ति स्वतन्त्रता स्वतन्त्र प्रेसको प्राण हो भने स्वतन्त्र प्रेस लोकतन्त्रको प्राण हो । अभिव्यक्ति स्वतन्त्रता रहेका बेला मानव अधिकारको रक्षा गर्ने विषय मुखर भएर अगाडि आउँछ । सत्ताधारी र सरकारी संयन्त्रलाई स्वतन्त्र प्रेसले सतर्क गराइरहेको हुन्छ र सतर्क गराउँछ ।

पत्रकार र प्रेसलाई छाडा हुन नदिनका लागि आचारसंहिताको पालना गर्नुपर्ने हुन्छ । कतिपय सन्दर्भमा आचारसंहिताको पालना पत्रकारहरूका लागि कठिन र जटिल हुन गइरहेको हुन्छ, त्यसैले स्वनियमनको विषय मिडियामा रहेको छ । पत्रकारले आचारसंहिता उल्लैन गरिरहँदा देश र समाज, मानव अधिकारको हित गरिएको छ कि छैन भनी ध्यान दिनुपर्ने हुन्छ । आचारसंहिता उल्लैन हुँदा पत्रकार आफैं जिम्मेवार हुनुपर्ने भएकाले स्वनियमनको विषय आफैंमा संवेदनशील विषय हो ।

प्रस्तुत विषयहरूमा विचार गरिरहँदा मिसन र व्यावसायिकता दुवै आवश्यक हुन्छ । मिडिया व्यवसायीको व्यवसाय र पत्रकारहरूको पेसा दुवै सङ्कटमा छन् ।

सूचना विभागमा अपडेट गरिएकै डेटाका आधारमा भन्नुपर्दा करिब ८ हजार पत्रपत्रिका दर्ता छन् । अनलाइन नवीकरण गरिएकाहरूको संख्या डेढ हजारभन्दा बढी छ । टेलिभिजनको संख्या पौने दुई सयभन्दा बढी र एफएम रेडियो एक हजार जति छन् । सङ्कटमा मिडिया र पत्रकारहरूको स्थितिप्रति नेपाल प्रेस काउन्सिलले पनि आफ्नो प्रतिवेदनमा चिन्ता व्यक्त गरेको छ ।

भोकभोकै पत्रकार उपशीर्षकमा भनिएको छ, 'अहिले नेपाली प्रेसमा पत्रकारको रोजीरोटी महत्त्वपूर्ण सवाल बनिरहेको छ । स्थापित र ठुला भनिएका मिडियाले आर्थिक सङ्कटको कारण देखाउँदै मिडिया बन्द गर्ने, पत्रकार तथा कर्मचारी कटौती गर्ने, बेतलबी बिदामा राख्ने, समयमा तलब नदिने, कर्मचारी तथा पत्रकार कटौती गर्दा खाली हात पठाउनेजस्ता कार्य भइरहेको छ । यसरी मिडिया हाउसबाट अन्यायमा परेका कतिपय पत्रकारले न्याय खोज्दै काउन्सिललाई गुहारिरहेको अवस्था छ ।'

यो अवस्थाको समाधानको रूपमा काउन्सिल भन्छ, 'तसर्थ सरकारले पत्रकारलाई राहत दिने श्रमजीवी पत्रकार ऐनको समयानुकूल परिमार्जन गरी मिडियालाई श्रममैत्री बनाउन ढिलाइ गर्नु हुँदैन ।' काउन्सिलले अस्तव्यस्त विवरण उपशीर्षकमा थप भनेको छ, 'मिडिया मर्जरको नीतिमा समेत बहस चलाउन सकिन्छ । लोककल्याणकारी विज्ञापन वितरणमा राज्यले नयाँ नीति निर्माण गर्न जरुरी छ । २०४८ सालमा बनेको पत्रपत्रिकाको वितरणको मापदण्डलाई पछ्याउन अहिले प्रकाशित पत्रकारितालाई हम्मेहम्मे परिसकेको छ ।'

काउन्सिल लगायतले सुझाएका उपायबारे सोच्नुपर्ने बेला आइसकेको छ । छाडा र अराजक पत्रकारिता, सेल्फ सेन्सरसिप, मिसन र व्यावसायिक पत्रकारिताजस्ता समस्याको समाधान खोज्नु भनेको अहिले रोटीका साथ वाक् स्वतन्त्रताको सुनिश्चितता गर्न लगाउनु हो ।

नेपाली कांग्रेसका संस्थापक नेता बीपी कोइरालाले पत्रकारहरूलाई पैसा दिएर आफूविरुद्ध लेख्न लगाएका थिए रे । आलोचना सुन्ने साहस सरकारमा बस्नेहरूमा हुनुपर्छ । मानव अधिकार प्रतिको प्रतिबद्धता पनि मौजुदा संविधान र सरकारको जिम्मेवारी हो ।

कमसलबाट असलतर्फ, अँध्यारोबाट उज्यालोतर्फ र जटिलबाट सरलतर्फ यात्रा गर्नु नै लोकतन्त्रको सौन्दर्य हो । हामी र हाम्रो समाज असलै असल भएको भए यत्रो आन्दोलन र सशस्त्र सैर्ष गर्नुपर्ने थिएन । कोभिड सङ्कटका बेला अमेरिकाजस्तो पुँजीवादी शासन व्यवस्थाले त आफ्ना जनताका लागि गर्जो टार्ने खर्च दिएको थियो । स्वरोजगार मिडियालाई सरकार र जनताबिचको सूचना प्रवाह गर्ने पुलका रूपमा निर्माण गर्न आवश्यक छ ।

**के गर्ने ?**

सरकारले साना तथा स्वरोजगारमूलक मिडिया र मिडिया हाउसहरूलाई बचाउन समानुपातिक विज्ञापन प्रणाली कार्यान्वयन गर्न जरुरी छ । यस्तै पत्रपत्रिका, टेलिभिजन र रेडियोहरूलाई दिँदै आएको लोककल्याणकारी विज्ञापन अब अनलाइन सञ्चारमाध्यमहरूलाई समेत दिइनुपर्छ ।

लोककल्याणकारी विज्ञापन बापतको रकमलाई राज्यले शतप्रतिशत वृद्धि गरी अनलाइन सञ्चारमाध्यमलाई समेत समेट्नुपर्छ । अहिलेसम्म उद्योगको समेत मान्यता नपाएका सञ्चार संस्थालाई तत्कालीन उद्योग सरहको मान्यता दिई सोही अनुसारको सेवा-सुविधा दिन जरुरी छ । सरकारले दिने यी सुविधा पाउनका लागि मिडिया हाउसहरुले पत्रकार आचारसंहिता लागु गर्दै आएको हुनुपर्ने प्रावधान राखिनुपर्छ ।

यस्तै मिडिया संस्थानहरूलाई मिडियाका अन्य क्षेत्रसँग जोडेर लाने गरी योजना र प्रशिक्षणको तयारी गर्नुपर्नेछ । मिडिया संस्थानहरूले स्थानीय, प्रादेशिक र सैंघीय संरचनाका आधारमा सूचना सम्प्रेषणको व्यवसायलाई स्थापित गर्नुपर्ने हुन्छ । पत्रकारितालाई खाउ पेसाका रूपमा विकास गर्न नहुने भएकाले यसको गौरव कायम गरी व्यावसायिकता प्रवर्द्धनका लागि सरकारबाट कार्य गर्न गराउन आवश्यक छ ।

सरकार, राजनीतिक दल र सामाजिक संघसंस्थाले आफ्ना आलोचक (सञ्चार संस्था तथा पत्रकारहरु) लाई छेउमा राखेर पाल्ने साहस गरे मरणासन्न अवस्थामा पुगेको पत्रकारितामा जीवनको सञ्चार हुनेछ । पत्रकारहरूले पनि स्वनियमनको संवेदनशीलतालाई बुझेर आवश्यक परेका बेला आचारसंहिताको उल्लंघन गर्ने दुस्साहस गर्न पछि पर्न हुँदैन । स्रोतको संरक्षणका लागि आफैं सजाय भोग्न तयार रहने साहसी पत्रकारको संरक्षणमा राज्यले दायित्व वहन गर्ने बेला यो नै हो । पत्रकारहरूको हकहितमा क्रियाशील संघसंस्थाहरूले पनि समाजका मौजुदा विभेदहरूलाई पुर्ने खालको मिसन लिन आवश्यक छ, यस विषयमा सबै पत्रकार तथा बुद्धिजीवी वर्ग घोत्लिनुपर्नेछ ।

*(साभार: रातोपाटी)*

# मानवअधिकार र राजनीतिको समानान्तर यात्रा



✍ डा. टीकाराम पोखरेल

**मानवअधिकारको अवस्था सन्तोषजनक नहुनुको कारण राजनीतिक धूमिल वातावरण हो । धूमिल राजनीतिमा मानवअधिकारको पूर्ण प्रत्याभूतिको कल्पना नै गर्न सकिँदैन । किनभने मानवअधिकार र राजनीति दुवै सहयात्री हुन् ।**

वर्तमान मानवअधिकारको अवधारणा आधुनिक भए पनि यसको जन्म मानिससँगै भएको अनुमान गर्न सकिन्छ । मानवको उत्पति हुँदा मानवअधिकारको बारेमा मानिसमा बोध थिएन । बोध नभएकाले उपभोग र सुनिश्चितताको सवाल नै थिएन । सभ्यताको लामो अन्तरालमा मानिस सामाजिक, राजनीतिक जीवनमा प्रवेश गऱ्यो । राजनीतिक विकाससँगै समानान्तररुपमा मानव अधिकारको पनि विकास भयो । राजनीतिक संघर्षमा मानवअधिकारका सवाल पनि जोडिन थाले ।

आजको मानवअधिकारको बहस जुन कोणबाट भएको छ, त्यो मानवअधिकारको आधुनिक अवधारणा हो । त्यसैले मानिसले आधुनिक र सभ्य हुँदै गर्दा राजनीतिक अधिकार प्राप्तिका लागि गरेका संघर्षलाई नै मानवअधिकारको इतिहास भनेर अध्ययन गर्ने गरिएको छ । सन् १२१५ मा बेलायतमा नागरिक अधिकारको प्राप्तिका लागि निरंकुश राजतन्त्रविरुद्ध आन्दोलन भयो ।

परिणामस्वरुप राजा जोनले जनप्रतिनिधिमूलक संसद्को अधिवेशन नियमित बोलाउनुपर्ने, कानुन संसद्ले मात्र बनाउनुपर्ने, राजाले स्वेच्छाचारी कर लगाउन नपाउने, कानुनको सर्वोच्चता, स्वतन्त्र न्यायालयको व्यवस्था, कानुनबमोजिम मात्र थुनामा राख्न पाइने व्यवस्थालगायतका राजननीतिक अधिकारहरुको व्यवस्था गरेर राजाका असीमित अधिकार कटौती गर्ने एक दस्तावेज (म्याग्नाकार्ता) मा हस्ताक्षर गरे । म्याग्नाकार्ता पश्चिमा मानवअधिकारको प्रारम्भ विन्दु हो । सन् १६८८ मा बेलायतमा जारी भएको विल अफ राइट्स, सन् १७७६ को अमेरिकी स्वतन्त्रता संग्रामको घोषणापत्र, सन् १७८९ को फ्रान्सको स्वतन्त्रता क्रान्तिको घोषणापत्रहरु पनि मानवअधिकारको विकासमा महत्वपूर्ण रहे ।

प्रथम विश्वयुद्ध (सन् १९१४-१९१८) मा भएको मानवतामाथिको बर्बरतापछि सन् १९२० मा राष्ट्र संघको स्थापना भयो । प्रथम विश्वयुद्धमा असंख्य धनजनको क्षति हुनुका साथै मानवीय कानुनको समेत उल्लैन हुन पुग्यो । राष्ट्रसंघले मानवअधिकारको विकास र पालनाका लागि केही प्रयासहरू गरेको भए तापनि उद्देश्यबमोजिम प्रभावकारी कार्य गर्न नसकेकोले उक्त संघ असफल भयो । फलस्वरुप दोस्रो विश्वयुद्ध भयो र राष्ट्र संघ विघटन हुन पुग्यो । यो सबै घटनाक्रमा राजनीतिक परिवर्तनसँगै मानवअधिकारको पनि विकास थियो ।

सन् १९४०-१९४५ मा भएको दोस्रो विश्वयुद्धको घाउमा मलम लगाउन १९४५ मा संयुक्त राष्ट्र संघको स्थापना भयो । संयुक्त राष्ट्र संघको बडापत्र राजनीतिक र मानवअधिकार दुवैको मिश्रित दस्तावेज हो । यसमा मानवअधिकारको संरक्षण र विश्वशान्तिको परिकल्पना छ । जाति, लिंग, भाषा र धर्मको भेदभावविना सबैको लागि मानवअधिकार र मौलिक स्वतन्त्रता भन्ने मान्यता र सिद्धान्तलाई बडापत्रमा स्वीकार गरिएको छ । यसपछि मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ विश्व मानवअधिकारको इतिहासमा सबैभन्दा महत्वपूर्ण चरण हो । तर स्मरण रहोस्, मानवअधिकारको विश्वव्यापी घोषणापत्र होस् वा त्यसपछि सन् १९६६ मा जारी भएका दुई महत्वपूर्ण आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अनुबन्ध र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध झट्ट हेर्दा मानवअधिकारका दस्तावेजजस्ता लागे पनि दुवै अनुबन्ध अमेरिका र रुस दुवैको राजनीतिक विचारधारालाई सम्बोधन र सन्तुलन गर्ने उद्देश्यबाट ल्याइएको थियो । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अनुबन्ध तत्कालीन सोभियत संघ रुसको विचारको उपज हो भने नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध अमेरिकी चिन्तनको उपज हो ।

युद्धको समयमा मानवअधिकारको उल्लैन रोक्न र मानवोचित व्यवहार गर्न सहयोग पुगोस् भन्ने हेतुले सन् १९४९ मा चारवटा जेनेभा महासन्धिहरू जारी भए । यिनीहरूलाई मानवीय कानुन भनिए पनि यो विशुद्ध युद्धको कानुन हो । जबकि मानवीयता भन्ने विषय युद्धमा मात्र सक्रिय हुँदैन । बरु युद्ध मानवअधिकारको विषय नै होइन, यो राजनीतिक विषय हो । जेनेभा महासन्धिहरु राजनीतिक युद्धमा गर्नुपर्ने मानवीय व्यवहारका लागि आएका हुन् । मानवीय कानुनको उपमा पाएका यी चार महासन्धिहरु धेरै राजनीति र थोरै मानवअधिकारका विषय हुन् ।

मानवअधिकारलाई पश्चिमा दर्शनको रुपमा बुझ्ने चिन्तनको अन्धाधुन्ध विकास भएको छ । पूर्वीय चिन्तन र परम्परा भनेको धर्मशास्त्र र कर्मकाण्डको विषय हो भन्ने सतही बुझाइ हाबी भएका कारण पूर्वीय दर्शन र चिन्तनको मानवअधिकारको दृष्टिकोणबाट अध्ययन हुन सकेको छैन । मानवअधिकारको इतिहास पढ्दा त पूर्वीय परम्परामा स्पर्शसमेत गरिएन । तर स्मरण रहोस्, पूर्वीय चिन्तन र दर्शनको अध्ययनविनाको मानवअधिकारको अध्ययन पूर्ण हुँदैन ।

पूर्वीय चिन्तन परम्परामा मानव अधिकार भन्ने भिन्न दर्शनशास्त्र वा विधाको विकास नभए पनि पूर्वीय शास्त्रका विभिन्न कथा, उपकथा र सन्दर्भहरुमा मानवअधिकारसँग सम्बन्धित विषयहरु प्रशस्तै छन् । वेद, पुराण तथा अन्य शास्त्रहरुमा मानवअधिकारसँग जोडेर व्याख्या गर्न सकिने विषहरु यत्रतत्र पाइन्छन् । लैंगिकताको सन्दर्भमा हेर्ने हो भने वेदले महिला र पुरुष दुवैलाई समान देखेको छ । वेदमा लिंगका आधारमा कुनै भेदभाव गरिएको छैन । नारी वीरत्वकै कारण समाज सभ्य भएको हो, राज्य चलयमान भएको हो, प्रकृतिले गति लिएको हो र आजको विज्ञानले विकास गर्न सकेको हो ।

पूर्वीय दर्शनले केवल मानिसको दिनचर्या, आश्रम प्रबन्ध र कानुनको पालनाजस्ता विषयमा मात्र मार्गदर्शन गरेको छैन । कुनै पनि मुलुकको शासन व्यवस्था, नागरिक र राज्यबीचको सम्बन्ध, राज्यले नागरिकका लागि पूरा गर्नुपर्ने दायित्व र नागरिकले मुलुकको हित तथा राष्ट्रिय उन्नति र समृद्धिका लागि पूरा गर्नुपर्ने कर्तव्यसमेतलाई व्याख्या गरेको छ । यी मानवअधिकारका पनि सवाल हुन् । अधिकार, कर्तव्य, अनुशासन, विधिको पालना, असल कर्म, सामाजिक मर्यादा, सबैप्रतिको सम्मान भाव र राष्ट्रिय हितलाई सदाचारिताको पूर्वसर्तका रुपमा पूर्वीय दर्शनले व्याख्या गरेको छ । यी विषय न त अधिकार मात्र हुन्, न त राजनीति मात्र हुन्, बरु मानवअधिकार र राजनीतिका मिश्रित विषय हुन् ।

यी ऐतिहासिक पौराणिक सन्दर्भ केलाउँदा के प्रस्ट हुन्छ भने, मानवअधिकार राजनीति निरपेक्ष हुन सक्तैन । हरेक राजनीतिक गतिविधिमा मानवअधिकार र हरेक मानव अधिकारको दाबीमा राजनीतिक अधिकारको मिश्रण भएको पाइन्छ । नेपालकै सन्दर्भमा भन्ने हो भने पनि राजनीतिक अधिकारको खोजी गर्दै गर्दा मानवअधिकारका सवालहरुको पनि बहस भयो । राणाहरूको विरोध गर्दा भएको वि.सं. १९९७ को शहीद काण्ड अधिकारको बहालीका लागि गरिएको विद्रोह थियो । वि.सं. २००७ मा भएको प्रजातन्त्रको उदय नागरिक अधिकारको बहाली थियो । राजनीतिकरुपमा पञ्चायती व्यवस्थाको उदय भएपछि मानवअधिकारको विषय छायामा पऱ्यो । अनुदार राजनीतिक व्यवस्थामा मानवअधिकार टाक्सिनु स्वाभाविक नै थियो । अर्को तरिकाले भन्दा मानवअधिकारमाथिको अंकुश नै अनुदार राजनीतिक व्यवस्थाको मुख्य सूचक हो ।

पञ्चायती व्यवस्थाको अन्त्यतिर भने मानवअधिकारको बहसले व्यापकता पाउन थाल्यो । वि.सं. २०३६ मा भएको विद्यार्थी आन्दोलन र जनमत संग्रहपछि राजनीतिक गतिविधिसँगै जोडेर मानवअधिकारको पनि बहस भयो । वि.सं. २०४६ को जनआन्दोलनपछि नेपालमा मानवअधिकारको बहसले अझै तीव्रता पायो । संविधानमा मौलिक हकहरूको व्यवस्था भयो । वि.सं. २०५२ बाट शुरु भएको सशस्त्र विद्रोहमा मानवअधिकारको व्यापक उल्लैन भए पनि यो विद्रोहसँगै मानवअधिकारको चेतनामा थप अभिवृद्धि भयो । देशको मानवअधिकारको अवस्थाका बारेमा अन्तर्राष्ट्रिय मञ्चहरूमा समेत चासो व्यक्त गर्न थालियो ।

वि.सं. २०५७ मा राष्ट्रिय मानव अधिकार आयोगको स्थापना, मानवअधिकारको अभियानमा गैरसरकारी क्षेत्र र नागरिक समाजको विशेष भूमिका, अन्तरिम संविधान जारी र वि.सं. २०७२ मा जारी नयाँ संविधानसँगै अन्य संवैधानिक आयोगको स्थापनाले मानवअधिकारको बहसलाई निकै उचाइमा पुऱ्यायो । राज्य तथा गैरराज्यको सक्रियतामा भएका यी प्रयासहरुले नेपालको मानवअधिकारको अभियानलाई केही टेवा पुगे पनि मानवअधिकार उल्लैन भने रोकिएको छैन । धनी र गरिबबीच ठूलो खाडल रहेको छ ।

राजनीतिक बहसले निकै उचाइ लिए पनि मानवअधिकारको पूर्ण प्रत्याभूति हुन सकेको छैन । कानुनीरुपमा थुप्रै अधिकार प्राप्त भए पनि व्यवहारमा लागू हुन नसक्दा नेपालको मानवअधिकारको अवस्था सन्तोषप्रद भने छैन । मानवअधिकारको अवस्था सन्तोषजनक नहुनुको कारण राजनीतिक धूमिल वातावरण हो । धूमिल राजनीतिमा मानवअधिकारको पूर्ण प्रत्याभूतिको कल्पना नै गर्न सकिँदैन । किनभने मानवअधिकार र राजनीति दुवै सहयात्री हुन् ।

*(साभार: नेपाल समाचार-पत्र)*

# विश्वकपअघि पर्याप्त तयारी, नतिजाको प्रतीक्षा

काठमाडौं/तीन महिना अन्तर्राष्ट्रिय क्रिकेटमा व्यस्त हुँदै नेपालले आईसीसी टी-२० विश्वकप २०२४ को तयारी पूरा गरेको छ ।

गत फागुनमा क्यानडासँग तीन खेलको ओडीआई सिरिजदेखि वेष्टइण्डिज ए सँग पाँच खेलको टी-२० सिरिजसम्मको अभ्यास र तयारीपछि नेपाल विश्वकप खेल्न जान तयार भएको छ ।

पछिल्लो दुई महिनामा नेपालले नेदरल्यान्ड्स र नामिबियासँग त्रिकोणात्मक सिरिजका ५ खेल, आयरल्यान्ड ए सँग २ खेल, भारतमा फ्रेण्डसिप कपका ५ खेल, हङकङ त्रिकोणात्मक सिरिजमा ४ खेल, एसीसी प्रिमियर कपमा ६ खेल र वेष्टइण्डिज ए सँग ५ गरी कुल २७ टी-२० खेल खेलेको छ ।

कुनैपनि टोलीलाई खेलाडीको क्षमता हेर्न यो पर्याप्त खेल हो । यसअघि अन्तर्राष्ट्रिय खेलको अनुभव नेपाली टोलीको सबैभन्दा कमजोर पक्ष हुने गर्थ्यो । तर यस पटक त्यसमा कुनै कमी भएको छैन ।

वेष्टइण्डिज ए विरुद्धको सिरिज पछिल्लो तीन महिनामा नेपालले खेलेको सबैभन्दा उपल्लो स्तरको खेल थियो । नेपाल आएको वेष्टइण्डिज ए बाट विश्वकप खेल्ने टोलीमा जोनसन चार्ल्स, स्पिनर गुणाकेश मोती र रोस्टन चेश परेका छन् । सिनियर टोलीबाट खेलेका १२ खेलाडी नेपाल भ्रमणमा आएका थिए ।

तीन साताअघि ओमानमा सम्पन्न एसीसी प्रिमियर कपमा नेपाल उपाधिको दाबेदार थियो । तर सेमिफाइनलमा यूएईसँग ६ विकेटले हार्दै एसिया कप पुगेर भारत र पाकिस्तानसँग खेल्ने योजना अधुरै रहेको थियो । त्यसपछि तेस्रो स्थानको लागि भएको खेलमा पनि हङकङसँग हार्न पुग्यो ।




एसीसी प्रिमियर कपमा देखिएको खराब ब्याटिङ विश्वकप अघि नेपाललाई ठूलो चिन्ता विषय बनेको थियो । तर घरेलु मैदानमा बलियो मानिएको वेष्टइण्डिज ए विरुद्ध सिरिजबाट नेपालले राम्रो पूनरागमन र आशा देखायो ।

२०५ रनको विशाल लक्ष्य १९.४ ओभरमा ४ विकेट गुमाउँदै पूरा गरेर नेपालले सिरिजको पहिलो खेल जित्यो । कप्तान रोहित पौडेलले ५४ बलमा १० चौका र ६ छक्कासहित ११२ रनको शतकीय इनिङ खेल्दै नेपाली क्रिकेट समर्थकमा आशा जगाए । रोहितले प्रिमियर कपमा यूएईविरुद्ध १८ बलमा ५ रन बनाउँदा भोग्नुपरेको आलोचना पनि यो शतकबाट कम गरेका थिए । रोहितले दोस्रो खेलमा ७१ र चौथो खेलमा ८२ रन बनाए । तेस्रो खेलमा उनले विश्राम लिए भने पाँचौं खेलको अन्तिम समयमा क्रिजमा पुगेपनि कुनै बल खेल्नुपरेन ।

पाँचौं खेलमा १७३ रनको लक्ष्य नेपालले ४ विकेट गुमाउँदै १८.५ ओभरमा पूरा गरेको थियो । यो खेलमा अनिल साहले ५८ र आसिफ शेखले ५१ रन बनाउनु थप सकारात्मक पक्ष हो ।

वेष्टइण्डिज एसँगको सिरिजमा गरेको प्रदर्शनकै आधारमा कमलसिंह ऐरी विश्वकप टोलीमा अटाएका छन् । सागर ढकालले पनि उत्कृष्ट प्रदर्शन गरेपछि नेपाली टोलीमा एक स्पिनर थप भए । तीव्र गतिका बलर अभिनाश बोहरले डेथ ओभरमा योर्करको लय समाउनु पनि यो सिरिजको सकारात्मक पक्ष रह्यो ।

तीव्र गतिका बलर सोमपाल कामी विश्वकपअघि भएको तयारीबाट सन्तुष्ट देखिए । उनले भने, 'यो भन्दा राम्रो तयारी हुन सक्दैन । आयरल्यान्ड र वेष्टइण्डिजसँग खेल्न पायौं । एकदमै राम्रो भएको छ । मलाई आशा छ हामी विश्वकपमा राम्रो प्रदर्शन गर्ने छौं ।'

सन् २०१४ मा पहिलो पटक टी-२० विश्वकप खेल्ने टोलीका एक सदस्य सोमपाल यसपटक पनि विश्वकप खेलेर दुईवटा विश्वकप खेल्ने पहिलो नेपाली खेलाडी बन्दैछन् । उनका अनुसार नेपाल दोस्रो पटक विश्वकपमा छनोट हुँदा उनी निकै उत्साहित भएका थिए । 'यो मेरो लागि उत्कृष्ट क्षण हो', सोमपालले भने ।

विश्वकपका लागि टोली निर्माण गर्नुअघि नेपालले खेलाडीलाई प्रशस्त अभ्यास र प्रदर्शन देखाउने अवसर दिएको थियो । ब्याकअप ओपनरमा अनिल साह, लोकेश बम र विनोद भण्डारीबीच प्रतिस्पर्धा भएको थियो । उनीहरुमध्येबाट अनिल चुनिए । तीव्र गतिका बलरमा आकाश चन्द र कमलसिंह ऐरीबीच प्रतिस्पर्धा भएको थियो । जसमा कमलले बाजी मारे ।

विश्वकप खेल हुने वेष्टइण्डिजको पिचलाई ख्याल गरेर नेपालले आरिफ शेख र विवेक यादवलाई छाडेर सागर ढकाललाई मौका दिएको छ । यसअघि टोली घोषणा गर्दा खेलाडीहरुबीच यसरी प्रतिस्पर्धा हुने थिएन । अझ सन् २०१४ मा नेपालले पहिलो पटक टी-२० विश्वकपका लागि टिम बनाउँदा खेलाडीबीच प्रतिस्पर्धा गराएर उत्कृष्ट छनोट गरिएको थिएन । टी-२० विश्वकपमा नेपाल रहेको समूह डी मा श्रीलंका, बंगलादेश, नेदरल्यान्ड्स र दक्षिण अफ्रिका छन् ।

वेष्टइण्डिजविरुद्ध पहिलो र अन्तिम खेलको जितले टेस्ट मान्यता प्राप्त टोलीलाई पनि हराउन सकिन्छ भन्ने मानसिकता नेपाली टोलीमा देखिएको छ । ओमानमा प्रिमियर कपमा गरेको कमजोर प्रदर्शनको पीडा बिर्सेर उच्च मनोबलका साथ नेपाली क्रिकेटर विश्वकप खेल्न जाँदैछन् ।

यो तयारीपछि विश्वकप खेल्न गएको नेपाली टोलीबाट समर्थक र शुभचिन्तक शानदार प्रदर्शनको अपेक्षा गर्नेछन् । तीन टेष्ट टोली र एसोसिएटको शीर्ष टोलीविरुद्ध विश्वकपमा नेपाली टोलीको प्रदर्शन भने प्रतीक्षाकै विषय बनेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'मिस नेपाल पिस'को उपाधिका लागि भिडदै २४ जना नर्स

काठमाडौं/एनक्लेक्स नेपाल 'मिस नेपाल पिस २०२४'मा २४ प्रतियोगी भिड्ने भएका छन् । आयोजक नेक्स्ट मोडल्स नेपालले प्रारम्भिक अडिसनबाट फिनालेका लागि २४ प्रतियोगी सार्वजनिक गरेको हो ।

प्रतियोगिताको यो ७ औं संस्करण हो । यस संस्करणको प्रारम्भिक अडिसनमा देशभरका ४ दर्जन नर्सिङ कलेज तथा एकसयभन्दा बढी अस्पतालमा कार्यरत २ सयबढी नर्सले अडिसन दिएका थिए । फिनालेका लागि २४ प्रतियोगी छानिएको आयोजक संस्थाका अध्यक्ष रवि धमलाले बताए ।

छानिएका प्रतियोगीमा प्रलिजा ढकाल, दिव्या बम ठकुरी, प्रिया सुनुवार, नबिना ह्यु राई, प्रिया पाण्डे, समीक्षा भण्डारी, लस्ता श्रेष्ठ, सुरुची देवकोटा, स्वस्तिक बुढाथोकी, आयुषा गुरागाईं, मोनिका थापा मगर, सीमा राउत, रिया जोशी, गुञ्जना बाँस्तोला, लालीमाया तामाङ, सलिना बडे, सिजा कार्की, अपेक्ष्य कोइराला, बिधि लम्साल, सदिती श्रेष्ठ, रविना डंगोल,



अनिशा पराजुली, कविता पाल, पला रेग्मी छन् ।

छनोट भएका प्रतियोगी फिनालेका लागि संचार कला, मोटिभेसन, लिडरसिप, ड्रेस सेन्स, पब्लिक स्पिकिङ, करियर काउन्सिल लगायतका प्रशिक्षणमा जुटिसकेका छन् । पूर्व मिस नेपाल नम्रता श्रेष्ठ ब्रान्ड एम्बेसडर रहेको प्रतियोगीताको शीर्ष विजताले मिस ग्लोबलमा नेपालको प्रतिनिधित्व गर्ने मौका पाउने छिन् ।

'सशक्त महिला सबल राष्ट्र' भन्ने नारासहित लामो समयदेखि नियमित आयोजना हुँदै आएको यो स्वास्थ्य पेसासँग सम्बन्धित एकमात्र सामाजिक सौन्दर्य प्रतियोगिता हो । प्रतियोगितामा १६ देखि २८ वर्षसम्मका नर्सिङ सुन्दरीको सहभागिता हुँदै आएको छ ।

अन्तराष्ट्रियस्तरमा शान्तिको सन्देश फैल्याउँदै नर्सिङ पेसा रोजेका र अध्ययन गरिरहेकालाई पेसा र समाजप्रति थप उत्तरदायी बोध गराउने उद्देश्यले यो प्रतियोगिता आयोजना हुँदै आएको आयोजक नेक्टस् मोडल नेपालकी प्रबन्ध निर्देशक यतना पाण्डेले बताइन् । फिनाले जेठ ५ गते हुने जनाइएको छ ।

# दर्शक बढाउँदै 'मनसरा', शनिबारको व्यापार बलियो

काठमाडौं/कवि उपेन्द्र सुब्बाको दोस्रो निर्देशकीय फिल्म 'मनसरा'ले शुक्रबार पूर्वमा उत्कृष्ट व्यापार गऱ्यो । धरान, विराटनगर, इटहरी, दमक र विर्तामोड क्षेत्रका हलमा दर्शकको चाप उच्च थियो । तर, पूर्वबाहेकका सहरहरुमा फिल्मको व्यापार अपेक्षाकृत रहेन । शनिबार भने देशभर फिल्मको व्यापार बलियो देखिएको छ । काठमाडौंमा पनि शनिबार फिल्मप्रति दर्शकको क्रेज उत्साहजनक देखियो ।

देशकै ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सले उपलब्ध गराएको शोजमा फिल्मले बिहान ४० प्रतिशत, दिउँसो ७० प्रतिशत र साँझ ९० देखि शतप्रतिशत अकुपेन्सी कायम गरेको छ । दिउँसो र साँझका केही शोज हाउसफुल भए । काठमाडौंका अन्य मल्टीप्लेक्समा पनि शनिबार फिल्म हेर्ने दर्शक पर्याप्त देखिए । पूर्वमा भने फिल्मको व्यापार शुक्रबार भन्दा पनि आक्रामक रहेको जनाइएको छ ।

शनिबार चितवन, पोखरा, नेपालगञ्ज, बुटवल, दमौली जस्ता सहरमा पनि 'मनसरा'ले राम्रो अकुपेन्सी कायम गरेको छ । दुई दिनमा फिल्मको व्यापार डेढ करोड हाराहारी पुग्ने देखिन्छ ।



अब यसको व्यावसायिक भविष्य भने आइतबारदेखिको 'वर्ड अफ माउथ'मा निर्भर रहनेछ । यद्यपि, फिल्मले दर्शकबाट अब्बल प्रतिक्रिया प्राप्त गरेकाले व्यापार क्रमश: बढ्ने अपेक्षा निर्माण टिमले गरेको छ ।

बिहीबार विराटनगरमा प्रिमियरपछि फिल्मका प्रमुख कलाकारहरु दयाहाङ राई, मिरुना मगर, प्रवीण खतिवडा लगायतले शुक्रबार पूर्वका विभिन्न हलहरुमा पुगेर दर्शकसँग साक्षात्कार गरेका थिए । शनिबार भने उनीहरुले काठमाडौंका हाउसफुल हलहरु चहार्दै दर्शकलाई धन्यवाद व्यक्त गरे । फिल्मप्रति दर्शकको बढ्दो आकर्षणले कलाकारहरुको मुहारमा खुसीको भाव झल्किएको थियो ।

'मनसरा'ले काँठ क्षेत्रमा बसोबास गर्ने गरिखाने वर्गको संघर्ष र फरक जातीय पृष्ठभूमिका दुई छिमेकीबीचको सम्बन्धको आयामलाई कथाको मियो बनाएको छ । मिरुना मगर, प्रवीण खतिवडा र मेनुका प्रधानमा फिल्मको मूल कथा केन्द्रित छ । तर, सबै पात्रमाथि प्रवीण हावी देखिएका छन् । उनले हाँसो र रोदन दुवै भावमा गरेको अभिनय सशक्त छ । उनी यो फिल्मका बलियो मेरुदण्ड हुन् ।

# सहकारीको छानबिन गर्न संसदीय समिति बनाउने प्रधानमन्त्रीको संकेत

काठमाडौं/प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सहकारीमा भएको अनियमिताबारे छानबिन गर्न संसदीय समिति बनाउन सकिने बताएका छन् । यसका लागि उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछाने समेत तयार भएको उनले बताए ।

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले सहकारी अनियमितता‌मा गृहमन्त्री लामिछानेको संलग्नताबारे छानबिनका लागि संसदीय समिति बनाउन माग गर्दै आएको छ । समिति गठन गर्न सरकार तयार नभएको भन्दै कांग्रेसले अघिल्लो अधिवेशनको पछिल्ला दुई वटा बैठक अवरुद्ध गरेको थियो ।

प्रतिनिधिसभाको बजेट अधिवेशन २८ वैशाखमा बोलाइएको छ । तर कांग्रेसले बैठक चल्न दिने वा नदिने प्रष्ट नभएको प्रधानमन्त्री प्रचण्डले बताएका छन् । शनिबार माओवादी संसदीय दलको बैठकमा प्रधानमन्त्री प्रचण्डले एउटा व्यक्ति तोकेर नभई समग्र समस्या समाधान गर्ने गरी संसदीय समिति बनाउने सकिने बताएका हुन् ।

'व्यक्ति तोकेर होइन, समग्र समस्या समाधान गर्ने गरी संसदीय समिति बनाउन सकिन्छ भन्नुभएको छ', प्रचण्डको भनाइ उधृत गर्दै एक सांसदले भने, 'आज



विहान गृहमन्त्रीसँग कुरा गरेँ, उहाँ पनि सहमत हुनुहुन्छ भन्ने उहाँको ब्रिफिङ छ ।'

पछिल्लो बैठकमा कांग्रेस नेताहरुले पनि गृहमन्त्री रवि लामिछानेको संलग्नता भनेर व्यक्ति नतोकी समग्र विषयमा छानबिन गर्न समिति बनाउन सकिने बताएका थिए । यसमा प्रधानमन्त्री प्रचण्ड पनि तयार थिए ।

तर सत्ता गठबन्धनको प्रमुख घटक एमालेका अध्यक्ष केपी शर्मा ओली तयार नभएपछि संसदको अघिल्लो अधिवेशनमा समिति बन्न सकेन । अहिले गृहमन्त्री लामिछाने नै तयार भएकाले सत्ता गठबन्धनमा सहमति जुट्ने सम्भावना रहेको माओवादीका एक सांसदले बताए । उनले भने, 'प्रधानमन्त्रीले गठबन्धनमा सहमति गरेर छिट्टै सर्वदलीय बैठक राख्छु भन्नुभएको छ ।'

संसदीय दलको बैठकमा प्रधानमन्त्री प्रचण्डले एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालको असन्तुष्टितर्फ संकेत गर्दै गठबन्धन तलमाथि नहुने बताए । हरेक दलले प्रतिपक्षमा पुग्नासाथ गठबन्धन भत्काउन प्रयास गर्ने र अहिले पनि त्यही भइरहेको भन्दै उनले भने, 'तर अहिले तलमाथि हुने सम्भावना छैन ।'

प्रधानमन्त्री प्रचण्डले सांसदहरुलाई संसद र संसदीय समितिको बैठकमा सक्रियतापूर्वक सहभागी हुन र आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा सुझाव दिन निर्देशन दिएको माओवादी प्रमुख सचेतक हितराज पाण्डेले जानकारी दिए ।

*(स्रोत: अनलाइनखबर)*

# महेशपुर भन्सारको गोदाममै सड्यो १८०० बोरा चिनी

नवलपरासी/पश्चिम नवलपरासीको पाल्हीनन्दन गाउँपालिका-१ मा रहेको महेशपुर भन्सार कार्यालयको गोदाममा एक हजार आठ सय बोरा चिनी सडेको छ ।

भारतबाट अवैधरुपमा भित्र्याएको चिनी गुण नियन्त्रण कार्यालय भैरहवाले खान अयोग्य रहेको भनेपछि लिलाम गर्न नमिल्दा एक करोड बराबरको चिनी भन्सारको गोदाममै सडेको हो ।

भन्सार कार्यालयका सूचना अधिकारी मोहराज जैसीका अनुसार प्रहरीले अवैध रुपमा भित्र्याइएको कपडा, मोबाइलका पार्टस, हार्डवेयर, विभिन्न प्रकारका मोबाइल कभरसमेत भन्सार कार्यालयमा बुझाएको छ । उक्त सामान लिलाम गर्ने प्रक्रिया लामो हुँदा लिलाम गर्न ढिला भएको छ ।

'समान लिलामका लागि सूचना सार्वजनिक गर्दा व्यापारीहरुले सामानको मूल्य बढी भयो भन्दै लिलाम सकार गर्न नमानेपछि एक करोड मूल्य बराबरको समान गोदामभित्र सडिरहेको छ', सूचना अधिकारी जैसीले भने ।

उद्योग वाणिज्य सै र भन्सार कार्यालयले समानको बजार मूल्य तोकेका आधारमा बरामद गरिएका सामानहरुको मूल्य तोकेर सामानसहित कारबाहीका लागि प्रहरीले भन्सार कार्यालयमा बुझाउने गरेको जिल्ला प्रहरीका सूचना अधिकारी रेशम बोहराले जानकारी दिए ।

सुरक्षाकर्मीहरुले रातदिन सीमाक्षेत्रमा खटेर पक्राउ गरेका अवैध मालसामान भन्सार कार्यालयले समयमै लिलाम नगर्दा दुई करोड मूल्य बराबरको विभिन्न समान गोदाममै सडेको हो । *रासस*

# अत्यधिक गर्मीले चितवनका अस्पतालमा बिरामीको चाप

चितवन/गर्मी अत्यधिक बढेपछि जिल्लाका अस्पतालमा बिरामीको चाप बढ्न थालेको छ । गर्मीका कारण ज्वरो, टाइफाइड, डेङ्गु, मलेरिया, भाइरल ज्वरोका बिरामी बढ्न थालेका हुन् ।

यहाँको सरकारी भरतपुर अस्पतालमा विगतमा आइतबारदेखि मङ्गलबारसम्म दुई हजार हाराहारी र बुधबारदेखि शुक्रबारसम्म एक हजार छ सय हाराहारी हुने बिरामी अहिले दैनिक दुई हजार देखि दुई हजार दुई सयसम्म पुग्ने गरेका छन् ।

अस्पतालका प्रवक्ता डा. रामप्रसाद सापकोटाका अनुसार विगत एक सातादेखि बिरामीको चाप बढ्न थालेको हो । मौसममा आएको परिवर्तनसँगै बिरामीको चाप बढ्दै गएको उनले बताए ।

'अस्पतालमा आउने बिरामीको चाप व्यवस्थापन गर्न कठिन हुने स्थित आउन थाल्यो', प्रवक्ता डा. सापकोटाले भने । अन्य समयको तुलनामा यो समयमा बिरामीको चाप सामान्य बढ्ने भए पनि अहिले संख्यात्मकरुपमा केही बढी देखिन थालेको छ ।

लामो समयसम्म वर्षा नहुँदा विभिन्न किसिमका बिरामीको चाप बढेको छ । अस्पताल आउने बिरामीको चापलाई मध्यनजर गर्दै अस्पतालले आइतबारदेखि टिकट काउन्टर थप गर्न लागेको उनले बताए । 'बिरामीको चाप व्यवस्थापन गर्न टिकट काउन्टर दुई वटा थप्ने योजनामा अस्पताल रहेको छ', उनले भने । नियमित अस्पताल आउनेबाहेक अहिले भाइरल ज्वरो, टाइफाइड, डेङ्गु, मलेरिया, झाडापखाला लगायतका बढीमात्रामा छन् ।

उनीहरुलाई लक्षित गर्दै अस्पतालले नियमित जाँचका लागि आउने बिरामीको टिकट काउन्टर थप गर्न लागेको हो । बहिरङ्ग सेवामा आउने बिरामीको संख्या बढ्दो क्रममा छ ।

गत माघदेखिको तथ्याङ्क हेर्ने हो भने अस्पतालको बहिरङ्ग सेवामा उपचारका लागि आउने बिरामीको चाप बढ्दो क्रममा रहेको छ । माघमा ३२ हजार, फागुनमा ३४ हजार पाँच सय, चैतमा ३६ हजार दुई सय र वैशाख २० गतेसम्म २४ हजार आठ सय बिरामीले सेवा लिएका छन् ।

अहिले जिल्लाको तापक्रम ४० डिग्री हाराहारीमा रहेको छ । उनले आमसर्वसाधारणलाई नियमित झोलिलो पदार्थ सेवन गर्नसमेत आग्रह गरे । सामान्य समस्या देखिए चिकित्सकको परामर्शमा आउनसमेत डा. सापकोटाले आग्रह गरेका छन् ।

# बन्द भएको ६ वर्षपछि भोजपुर-विराटनगर उडान सुरु

भोजपुर/उडान बन्द भएको छ वर्षपछि भोजपुर-विराटनगर पुन:हवाई उडान सुरु भएपछि यात्रुमा उत्साह देखिएको छ । नेपाल वायुसेवा निगमको जहाजले पुन: शनिबार भोजपुर-विराटनगर उडान थालेको हो ।

भोजपुर नगरपालिकाका नगर प्रमुख कैलाशकुमार आलेले खादा र केक बाँड्दै यात्रुलाई विराटनगरका लागि शुभकामना दिएका थिए । उनका अनुसार काठमाडौंबाट आएको निगमको जहाजले नौ जना यात्रु लिएर विराटनगर उडेको छ ।

उडान बन्द भएको लामो समयपछि विराटनगर उड्न पाएकामा यात्रु उषा थापाले खुसी महसुस गर्दै भनिन्, 'समस्यामा परेका यात्रुलाई विराटनगर जान अब सहज भएको छ, हामी जिल्लावासी त्यसैमा खुसी छौं, निगमले नियमित उडान गर्न जरुरी छ ।'

वायुसेवा निगमले हप्तामा शनिबार र बिहीबारका लागि विराटनगर उडान तालिका राखेको निगमका भोजपुर स्टेसन प्रमुख प्रकाश खड्काले बताए । 'अब उडान तालिकाअनुसार नै विराटनगर उडान हुनेछ । अहिलेका लागि काठमाडौंबाट भोजपुर आएर विराटनगर जाने र विराटनगरबाट फर्किएर फेरि काठमाडौं जाने तालिका बनाएका छौं', उनले भने ।

विमान अभावलगायतका समस्या देखाउँदै निगमले भोजपुर-काठमाडौं उडान तालिका कायम राख्दै विराटनगर उडान बन्द गरेको थियो ।

वि.सं २०७४ पछि विराटनगर उडान हुन सकेको थिएन । जिल्लावासीको मागलाई सम्बोधन गर्दै निगमले तत्कालका लागि हप्तामा दुई उडान गर्न लागेको स्टेसन प्रमुख खड्काको भनाइ छ । हवाई उडान बन्द हुँदा जिल्ला अस्पतालबाट सुविधा सम्पन्न अस्पतालमा सिफारिस गरिएका बिरामी लैजान तथा ज्येष्ठ नागरिकलाई समस्या हुँदै आइरहेको थियो ।

ज्येष्ठ नागरिक र बिरामीलाई समस्या भइरहेको अवस्थामा बन्द रहेको उडान फेरि सञ्चालन हुँदा आवागमन सहज हुँदै जाने नगर प्रमुख आलेले बताए । उनले भने, 'अब तोकिएको दिन सेवा सञ्चालन हुनेगरी निगमले उडान गर्नुपर्छ, जसले समस्यामा परेका नागरिकलाई सेवा पुगोस् ।'

वायुसेवा निगम भोजपुरले भोजपुर-विराटनगर भाडा रु चार हजार २९ कायम भएको जनाएको छ । नागरिकको सेवालाई ध्यान दिँदै इ-सेवामार्फत पनि टिकट लिने व्यवस्था मिलाइएको छ । पाँच सय ४५ मिटर लम्बाइ भएको विमानस्थल कालोपत्र भए पनि विराटनगर उडान भने ठप्प थियो । प्रदेश राजधानी जान र आउन पुन:उडान सुरु भएपछि सहजता थपिएको भोजपुरवासी शङ्करप्रसाद आचार्यको भनाइ छ ।

*(रासस)*

# अडिसन दिएर पनि 'लापता लेडीज्'मा नछानिएका आमिर

काठमाडौं/फिल्म चल्न स्टार होइन, स्क्रिप्ट नै हिरो हुनुपर्छ भन्ने मान्यतालाई बलिउडमा बलियोसँग स्थापित गरेको फिल्म हो, 'लापता लेडीज्' । यो ५ करोडको बजेटमा बनेको फिल्म हो । गत अप्रिलमा रिलिज भएको फिल्मले भारतमा मात्र २४ करोड हाराहारी व्यापार गरेको थियो । र, अहिले ओटीटीमा धूम मच्चाइरहेको छ । नेपालमा समेत फिल्मको कन्टेन्टलाई लिएर यतिबेला ठूलो चर्चा भइरहेको छ ।

बलिउड अभिनेता आमिर खानकी पूर्वश्रीमती किरण रावको निर्देशनमा तयार भएको फिल्ममा रवि किशन, स्पर्श श्रीवास्तव, प्रतिभा रन्टा, नितान्शी गोयल आदिको मुख्य भूमिका छ । यसमध्ये रविले निभाएको प्रहरीको भूमिका पहिला आमिरले गर्ने इच्छा देखाएका थिए । त्यसका लागि उनले अडिसन समेत दिएका थिए । अडिसनमा बुलन्द प्रस्तुति दिए पनि किरणले आमिरलाई लिन चाहिनन् ।

किरणले एक अन्तर्वार्तामा भनेकी छन्, 'हामीले लामो समय छलफल गरेका थियौं । उनलाई त्यो रोल एकदमै मन परेको थियो । र, उनी त्यसमा काम गर्न चाहन्थे । आमिरले अडिसन पनि दिए र राम्रोसँग रोल निभाए । तर, जब मैले रवि किशनलाई देखेँ र दुवैलाई तुलना गरेँ, त्यसपछि मलाई लाग्यो कि यो रोलमा रविले अझ न्याय




गरेका छन् ।' उनी रविलाई उम्दा कोटीको कलाकार मान्छिन् ।

किरणले आमिरलाई नलिनुको कारण पनि अर्थपूर्ण छ । आमिर हुँदा दर्शकमा एकखालको अपेक्षा हुन्छ भन्ने उनलाई लाग्छ । 'जब आमिर कुनै रोलमा हुन्छन् भने त्यसमा एकखालको अपेक्षा दर्शकले पहिल्यै गरेका हुन्छन्,' उनी भन्छिन्, 'तर, रविको हकमा यस्तो थिएन । यसैले रविले त्यो रोल राम्रोसँग गर्छन् भन्ने मलाई विश्वास थियो । सायद त्यो रोल उनी जत्ति राम्ररी अरुले गर्न सक्दैन थिए ।'

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# बकैया र बागमतीमा कृषि सम्बन्धी अवधारणा

साझाकुरा संवाददाता

हेटौंडा, २२ वैशाख/ मकवानपुर उद्योग वाणिज्य संघले शुक्रबार बकैया र बागमती गाउँपालिका कार्यालयमा कृषि सम्बन्धी अवधारणा प्रस्तुत गरेको छ ।

मकवानपुर उद्योग वाणिज्य संघका सहकोषाध्यक्ष तथा कृषि प्रवर्द्धन समितिका संयोजक निलम पाण्डेको नेतृत्वमा संघका कार्यसमिति सदस्य दिवस पराजुली, समितिका सदस्यहरु हरिसरण अधिकारी, विवेक सुवेदी, ठूलीमाया मुक्तान, महिला उद्यमी विकास समितिका पूर्वकार्यवाहक सभापति देवकुमारी ढकाल र संघका कार्यकारी सचिव पवन कार्की गरी सात सदस्यीय टोली स्थलगत रुपमा बकैया र बागमती गाउँपालिकामा पुगी कृषि सम्बन्धी अवधारणा प्रस्तुत गरेका हुन् ।

बकैया गाउँपालिकामा पालिकाका उपाध्यक्ष भक्त बहादुर खत्रीले किसानलाई प्रोत्साहित गर्न पालिका अग्रसार रहेको, कृषि बाली तथा पशुपालनको लागि विगतको समिक्षा गर्दै आगामी योजना प्रभावकारी बनाउने गरी अघि बढिरहेको, जिविकोपार्जनका लागि कृषिमा आश्रित किसानहरुको उत्पादनको समयमै भुक्तानी नपाउँदा समस्या देखिएकाले अब पालिकाले नै ग्यारेण्टी लिएर अघि बढ्ने, किसानका उत्पादनहरुको बजारीकरणमा मद्दत मिल्न सक्ने उद्योग वाणिज्य संघलगायत अन्तरपालिका समन्वय कायम गरेर बजारीकरणलाई प्रभावकारी बनाइने, कृषि एम्बुलेन्स कार्यान्वयनको सोच बनाएको बताएका थिए ।

कार्यक्रममा बकैया गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठ र कृषि अधिकृतहरुले पालिकाभित्र कृषि क्षेत्रमा गरिएका कामहरुबारे चर्चा गरेका थिए । बकैया गाउँपालिकाले कार्यालय भवन अगाडी जमिन लिजमा लिई आफ्नै लगानीमा व्यवसायिक खेतीसमेत गरिरहेका छन् । बागमती गाउँपालिकामा पालिकाका प्रमुख प्रशासकीय अधिकृत झम्कनारायण घलान तथा कृषि अधिकृतहरु समक्ष संघको कृषि सम्बन्धी अवधारणा प्रस्तुत गरिएको थियो ।

बागमती गाउँपालिकामा पशु हाटबजारको लागि संरचना तयार भइरहेको, गत वर्षदेखि बिऊ पुँजी कोष निर्माण गरी पशुपालनको लागि वितरण प्रारम्भ गरिसकेको, तीनवटा वडा हेर्नेगरी कृषि प्राविधिक खटाइएको, दैनिक ३५०० देखि ४००० लिटरसम्म दुध हेटौंडा पठाउने गरेको, दुधमा किसानलाई अनुदान दिने गरेको, चालु वर्षमा पशुपालनतर्फ पाँच करोड २० लाख बजेट र कृषितर्फ एक करोड ३२ लाख बजेट विनियोजन गरी कार्य गरिरहेको, हाते ट्र्याक्टर वितरण गरिएको जस्ता विषयहरु कृषि अधिकृतहरुले जानकारी गराएका थिए ।

कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघको कृषि प्रवर्द्धन समितिका सदस्यहरु हरिसरण अधिकारी, विवेक सुवेदी, ठूलीमाया मुक्तान, महिला उद्यमी विकास समितिका पूर्वकार्यवाहक सभापति देवकुमारी ढकाललगायतले आफ्ना भनाइहरु राखेका थिए ।

# मित्र मिलन सहकारीको वित्तीय साक्षरता

साझाकुरा संवाददाता

हेटौंडा, २२ वैशाख/ हेटौंडा-४, स्थित मित्र मिलन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले एकदिवसीय वित्तिय साक्षरता कार्यक्रम शनिबार हेटौंडामा आयोजना गरेको छ ।

सहकारी शिक्षा उपसमिति संयोजक बद्रीप्रसाद भट्टराईको अध्यक्षतामा भएको कार्यक्रममा सहकारीका अध्यक्ष तथा केन्द्रीय बहुउद्देश्यीय सहकारी संघ लेखा संयोजक भोलाप्रसाद शर्मा खरेलको प्रमुख आतिथ्यता रहेको थियो । केन्द्रीय कृषि सहकारी संघका सल्लाहकार एकराज उप्रेतीले कार्यक्रम सहजीकरण गरेका थिए । साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको आर्थिक सहयोगमा भएको कार्यक्रममा सहकारी संस्थामा आबद्ध रहेका ३४ जनाले वित्तीय साक्षरता तालिममा सहभागिता जनाएको सहकारीका व्यवस्थापक रामहरि खरेलले जानकारी दिए ।

सहकारी संस्थामा १ हजार १ सय १५ जना शेयर सदस्य आबद्ध रहेका छन् । कार्यक्रममा जिल्ला बहुउद्देश्यीय सहकारी संघका उपाध्यक्ष सर्मिला श्रेष्ठ, जिल्ला सहकारी संघ मकवानपुरका सहसचिव भोगेन्द्र लुइटेललगायतको आतिथ्यता रहेको थियो । वित्तीय साक्षरता तालिमले बचत योजना, जोखिम न्यूनीकरण, सुरक्षित बैदेशिक रोजगार, व्यवसायिक योजना र पारिवारिक बजेट लगायतका बिषय जानकारी प्रदान गर्नेछ ।

# बागमतीमा अब नेपाल र तामाङ भाषा सरकारी कामकाजी भाषा

साझाकुरा संवाददाता



हेटौंडा, २२ वैशाख/ बागमती प्रदेश संस्कृति, पर्यटन तथा सहकारीमन्त्री शैलेन्द्रमान बज्राचार्यले प्रदेशमा अब सरकारी कामकाजी भाषाको रुपमा नेपाल र तामाङ भाषालाई यही वैशाख २४ गतेदेखि प्रयोगमा ल्याइने बताएका छन् ।

मन्त्री बज्राचार्यले वैशाख २४ गते बिहान ९ बजे काठमाडौंको वसन्तपुरमा प्रधानमन्त्री पुष्पकमल दाहालले उक्त दुवै भाषा सबै सरकारी कार्यालयमा प्रयोगमा ल्याइने कार्यक्रमको समुद्घाटन गर्ने जानकारी दिए । उनले काठमाडौंको वसन्तपुर बाट सोही दिनको बिहान ७ बजे विभिन्न वेषभूषा र झाँक्रीसहित र्‍यालीले काठमाडौं नगरको परिक्रममा गर्ने पनि उल्लेख गरे ।

यसैगरी, प्रदेश सरकारले प्रदेशमा नेवा: (नेपाल) तामाङ भाषा सरकारी कामकाजको भाषा प्रयोगमा ल्याइएको खुसियालीमा सो दिन प्रदेशभर सार्वजनिक बिदा दिने निर्णय गरिएको प्रदेश सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनीमन्त्री गंगा नारायण श्रेष्ठले बताए ।

उक्त भाषा प्रयोगमा ल्याइएको खुसियालीमा हुने कार्यक्रम भव्यरुपमा सम्पन्न गर्न संस्कृतिमन्त्री बज्राचार्यको अध्यक्षतामा तीन सय पाँच सदस्यीय आयोजक समिति बनाइएको छ । बागमती प्रदेशसभाको केही महिनाअघि बसेको बैठकले प्रदेशमा सरकारी कामकाजको भाषाका रुपमा नेवारी र तामाङ भाषाको विधेयक पारित गरिएको प्रदेशसभाका प्रमुख सचिव कृष्णहरि खड्काले जानकारी दिए ।

# राप्रपा बागमती प्रदेश संसदीय दलले पायो पूर्णता

साझाकुरा संवाददाता

हेटौंडा, २२ वैशाख/ राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले बागमती प्रदेश संसदीय दललाई पूर्णता दिएको छ । बागमती प्रदेश संसदीय दलमा रित्त रहेको तीन पदलाई राप्रपाले पूर्णता दिएको राप्रपा संसदीय दलका नेता उद्धव थापाले जानकारी दिए ।

रिक्त ३ पदमा सांसदहरु नियुक्त गरेर पूर्णता दिइएको हो । राप्रपामा रित्त रहेको संसदीय दलको उपनेतामा गिरबहादुर तामाङ नियुक्ति भएको नेता थापाले जानकारी दिए । दलको प्रमुख सचेतकमा कुमारी तामाङ नियुक्त भएकी छिन् भने सचेतकमा मनिका श्रेष्ठलाई नियुक्ति गरिएको छ । प्रदेशसभाको दोश्रो कार्यकालको करिब डेढ वर्षपछि राप्रपाले दललाई पूर्णता दिएको हो ।

उपनेता नियुक्त भएका तामाङ चितवन-३ (ख)बाट प्रतक्ष निर्वाचित सांसद हुन् भने प्रमुख सचेतक तामाङ (सिन्धुपाल्चोक) र सचेतक श्रेष्ठ (दोलखा) समानुपातिक कोटाबाट सांसद बनेका थिए । राप्रपाको तर्फबाट बागमती प्रदेशमा सभामुख भुवनकुमार पाठक सहित १३ जना प्रदेशसभा सांसद रहेका छन् ।

# नि:शुल्क स्वास्थ शिविर

साझाकुरा संवाददाता



हेटौंडा, २२ वैशाख/ हेरौंडा उपमहानगरपालिका-१९ वडा कार्यालयको आयोजना एवम् कलेज अफ मेडिकल साईन्स (पूरानो मेडिकल कलेज, भरतपुर चितवन) को प्राविधिक सहयोगमा नि:शुल्क स्वास्थ्य शिविर भएको छ ।

हेटौंडा-१९ स्थित नेवार पानी शहरी स्वास्थ्य केन्द्रमा भएको निशुल्क स्वास्थ्य शिविरमा २२ जनाको मेडिकल टिमले स्वास्य सेवा प्रदान गरेको थियो । शिविरबाट २८९ जनाले सेवा लिएको वडा सचिब राजेन्द्र पोखरेलले जानकारी दिए । स्वास्थ्य शिविरमा दन्त रोग, बालरोग प्रसुती रोग जनरल फिजिसियन अर्थोपिडीक सेवा प्रदान गरिएको थियो । स्वास्थ्य शिविरमा २२ जनाले दन्त जांचको सुविधा लिएको वडा अध्यक्ष नरनाथ सुवेदीले बताए ।

यसैगरी, प्रसुति जाँच सेवा २३ जनाले, फिजिसियन सेवा- १४२ जनाले, वालरोग सेवा २१ जनाले र अर्थोपेडिक सेवा ८१ जनाले लिएका थिए । ती मध्ये १५ जना बिरामीलाई थप उपचारको लागि रिफर गरिएको वडा सचिब पोखरेलले बताए ।

कार्यक्रमको समापनमा नगरप्रमुख मिना कुमारी लामाले स्वास्थकर्मी टिमलाई प्रशंसापत्र प्रदान गर्दै धन्यवाद दिइन ।

# गर्मीका कारण हेटौंडा-१४ मा विद्यालय बन्द

साझाकुरा संवाददाता

हेटौंडा, २२ वैशाख/ अत्याधिक गर्मीका कारण हेटौंडा उपमहानगरपालिका वडा नम्वर-१४ मा रहेका सामुदायिक तथा संस्थागत विद्यालय चार दिन बन्द हुने भएको छ ।

अत्याधिक गर्मी बढेपछि हेटौंडा-१४ नम्वर वडा कार्यालयले एक सूचना जारी गर्दै वडाभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालय वैशाख २३ गतेबाट चार दिन बन्द हुने जानकारी गराएको हो । जारी सूचनामा वैशाख २० गते बसेको वडा शिक्षा समितिको बैठकको निर्णय अनुसार, चार दिन विद्यालय बन्द गर्ने निर्णय गरेको उल्लेख छ ।

अत्याधिक गर्मी र चर्को घामका कारणले गर्दा विद्यार्थीहरुलाई विद्यालय आवतजावत गर्न र कक्षाकोठामा बसेर अध्ययन गर्न कठिनाइ भएकोले उक्त निर्णय गरेको जनाइएको छ ।

# आयोगद्वारा सञ्चारकर्मी बञ्जारा पुरस्कृत



साझाकुरा संवाददाता

हेटौंडा, २२ वैशाख/ मकवानपुरका सञ्चारमर्की इन्द्रप्रसाद बञ्जारा 'रमेश' राष्ट्रिय सूचना आयोगको 'विनय कसजु उत्कृष्ट अभियन्ता पुरस्कार-२०८१' बाट पुरस्कृत भएका छन् ।

पत्रकार बञ्जारालाई सूचनाको हक कार्यान्वयनमा योगदान पुर्‍याएको भन्दै आयोगले स्थापना दिवसको अवसरमा कार्यक्रमका प्रमुख अतिथि समेत रहेका सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले नगद ३५ हजारसहित पुरस्कृत गरेका हुन् । पत्रकार बञ्जारा मकवानपुर बाट प्रकाशित बागमती एक्सप्रेस साप्ताहिकका प्रकाशक तथा सम्पादक हुन् ।

'विनय कसजु उत्कृष्ट अभियन्ता पुरस्कार-२०८१' बाट मकवानपुरका बञ्जारासँगै कास्कीका यदुनाथ बञ्जारा, सिरहाका परशुराम साह र सिन्धुपाल्चोकका आदित्य दाहाल समेत पुरस्कृत भएका छन् । राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल सरकारकी सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माको विशिष्ट आतिथ्यता रहेको थियो । शनिवार राष्ट्रपति भवन, शितल निवासमा सम्पन्न भएको कार्यक्रममा नेपाल पत्रकार महासंघका अध्यक्ष बिपुल पोखरेललगायतको उपस्थिति थियो ।


## बालमैत्री वातावरण बनाऔं

बालबालिकालाई:

- सजिलै खोलेर खान सक्ने पानीको बोतल र टिफिन बक्स दिऔं,
- विद्यालय जाँदा आउँदा छोड्ने र लिने स्थानको जानकारी गराऔं,
- खाने तरिका र अनावश्यक वस्तुहरु डस्टबिनमा फाल्न सिकाऔं,
- लगाउन र फुकाल्न सजिलो हुने लुगा एवं जुत्ता दिऔं,
- सहज शौचालयको व्यवस्था गरौं,
- अभिभावक वाहेक अन्यले लिन जाने भए विद्यालयलाई जानकारी दिऔं,
- अकस्मात केही पर्दा सम्पर्कका लागि कम्तीमा दुईवटा टेलिफोन नम्बर विद्यालयलाई उपलव्ध गराऔं,
- बालबालिकाले प्रयोग गर्ने सामानमा नाम लेख्ने गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
जनस्वास्थ्य कार्यालय, मकवानपुर

## जनहितमा जारी सन्देश !

बालबालिकाहरुलाई विभिन्न रोगहरुबाट बचाउन जन्मेदेखि १५ महिना सम्मको उमेरमा १३ वटा रोगहरु विरुद्धका खोपहरु नेपाल सरकारबाट नि:शुल्क उपलब्ध हुन्छ । बालबालिकालाई उमेर अनुसार लगाउनु पर्ने सबै खोपहरु पुरा गराए मात्र बालबालिकालाई स्वास्थ्य राख्न तथा संक्रामक रोगहरुबाट बचाउन सकिन्छ ।

तसर्थ, १५ महिना उमेर भित्रमा लगाउनु पर्ने सबै खोपहरु समयमै पुरा गराऔं । १५ महिनामा लगानुपर्ने दादुरा रुवेला दोस्रो मात्रा र टाईफाइड लगायतका खोपहरु छुट भएको भए नजिकको खोप केन्द्रमा लगि सबै खोपहरु तोकिएको उमेरमा पूरा गराऔं । पूर्ण खोप लिएमा मात्र बालबालिकालाई रोगहरुबाट सुरक्षित राख्न सकिन्छ ।

खोपहरु लगाए पनि सधैं सरसफाईका सबै व्यवहारहरुको पालना गरौं । खोप सम्बन्धी कुनै जानकारी आवश्यक परेमा नजिककै स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी, म.स्वा.स्वय.से.वा नि:शुल्क कल सेन्टर ११११५ मा सम्पर्क गरौं याद गर्नुहोस । जन्मे देखि १५ महिना सम्मको उमेरमा लगाउनुपर्ने सबै खोपहरु पूरा गराए मात्र बालबालिकालाई स्वास्थ्य राख्न तथा सक्रामक रोगबाट बचाउन सकिन्छ ।

**जिल्ला खोप समन्वय समिति तथा जनस्वास्थ्य कार्यालय मकवानपुर**

## कर्मचारी आवश्यकता

यस युशेस बचत तथा ऋण सहकारी संस्था लि.का लीग करार सेवामा रहने गरी निम्न अनुसार काम गर्ने कर्मचारीको आवश्यकता भएको हुनाले इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रित पूर्वक निवेदन आह्वान गरिएको छ ।

**विज्ञापन : १/२०८०/०८१**

१. पद : ऋण सहायक/कम्प्युटर
२. संख्या : १ (एक)
३. परीक्षाको किसिम : लिखित र मौखिक दुवै
४. न्युनतम शैक्षिक योग्यता : १०+२ उत्तिर्ण
५. लिङ्ग : पुरुष
६. उमेर : १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको
७. बान्छनिय योग्यता : कम्प्युटरमा दक्षा तथा सवारी साधन चलाउने अनुमति प्राप्त भएको
८. प्रारिश्रमिक सुविधा : संस्थाको नियम अनुसार हुनेछ ।
९. कामको प्रकृति : कार्यालय/ऋण अनुगमन तथा असुली ।
१०. सम्पर्क : दर्खास्त दिने अन्तिम मितिको भोलिपल्ट दिनको १ बजे ।
११. परीक्षा समय र मिति : सम्पर्क मितिमा जानकारी गराइनेछ ।
१२. परीक्षा दस्तुर : रु. ५००।
**१३. आवश्यक कागजातहरु :**
क. नागरिकताको फोटोकपी
ख. बायोडाटा
ग. शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि
घ. कम्प्युटर तथा अन्य अनुभव सम्बन्धी योग्यताको र चालक अनुमति प्रमाण पत्रको प्रतिलिपि, लाइसेन्सको प्रमाण पत्रको प्रतिलिपि
ङ. पासपोर्ट साइजको फोटो २ थान
च. दरखास्त दिने स्थान: युशेस बचत तथा ऋण सहकारी संस्था लिमिटेडको कार्यालय, हेटौंडा-४, पारिजातपथ ।

*थप जानकारीको लागि*

**युशेस बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-४, पारिजतपथ, फोन : ०५७-५२४४४७

हेटौंडामै उत्पादित
## सुदिन ड्राइमिट






**Ready To Eat**

### हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

**सुदिन प्याकेजिङ्ग उद्योग**
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना